नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं. २०, दायर मिति-:२०७९-०४-१२

फैसला मिति-२०८०-१०-२५

वादी

प्रहलाद महराको जाहेरीले नेपाल सरकार-----------------१

प्रतिवादी

जिल्ला पर्सा बहुदरमाई न.पा.वडा नं.७ फुलकौल बस्ने बर्ष ३६ को लोरिक महरा चमार समेत २--------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीहरुले गाली गलौज गर्दै घेरामा हाली लछार पछार तथा हात मुक्का बाँसको फाठा प्रहार गरी घाईते बनाई र अपशब्द प्रयोग गरी अभद्र व्यवहार गरेको भन्ने प्रहलाद महराको जाहेरी दरखास्त।

२. गाली गलौज गर्दै घेरामा हाली लछार पछार तथा हात मुक्का बाँसको फाठा प्रहार गरी घाईते बनाई र अपशब्द प्रयोग गरी अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

३. गाली गलौज गर्दै घेरामा हाली लछार पछार तथा हात मुक्का बाँसको फाठा प्रहार गरी घाईते बनाई र अपशब्द प्रयोग गरी अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका अमिरका महरा चमारसमेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा जाहेरवालासँग गाली गलौज तथा कुटपिट गरेको छैन भनी प्रतिवादीले ईन्कारी बयान गरेतापनी मिती २०७९/०२/१२ गते अं.२०:०० बजेको समयमा जिल्ला पर्सा बहुदरमाई न. पा. वडा नं. ७ फुलकौल स्थित चमारले जाहेरवालको घरदैलोमा आई बौलाएको जस्तो हो हल्ला गरी सार्वजनीक बाटोमा अशान्ती मचाएको तथा जाहेरवालाको बुहारीलाई अश्लिल शब्द प्रयोग गरी गाली बेईज्जती गरी हुल हुज्जत मचाएकोमा निज जाहेरवाला बिपक्षी संग बिन्ती गरी सम्झाई बुझाई समेत गरे तर विपक्षी झन उतेजीत भैई एकजुट भएर गाली बेईज्जती धाक धमकी हुल आतंक मचाएर सोही क्रममा जाहेरवालालाई लोरिक महरा चमार र बृजु महारा चमार समेतले मिली घेरामा हाली कुटपिट गरी घाईते बनाई अभद्र व्यवहार गरेको हुँदा घाइतेलाई सम्पर्ण उपचार खर्च तथा क्षतिपर्ति समेत दिलाई भराई पाउ भन्ने समेतको व्यहोराको किटानी जाहेरी दरखास्त रहेकोमा उक्त जाहेरी व्यहोरा घटनास्थल मुचुल्का,तथा प्रहलाद महराको जाहेरी दरखास्त ,सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी लोरिक महरा चमारलाई कैद २८ दिन र जरिवाना रु ४८००।- तथा अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम जनही रु २००।- क्षतिपुर्ति शुल्क एबम फरार प्रतिवादी बृजु महरा चमारलाई जरिवाना रु ४,८००।- गर्ने तथा अपराध पिडित संरक्षण ऐन २०७५ को दफा ४१ बमोजिम रु २००।- क्षतिपुर्ति शुल्क कायम गरिएको छ । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी लोरिक महरा चमार लाई ठहरेको कैदको हकमा निज प्रतिवादी मिति २०७९-०३-१९ गते देखि २०७९-०४-१४ सम्म थुनामा बसेको देखिँदा कैद २८ दिन कट्टा भईसकेकोले जरिवानाको हकमा मिति २०७९-०४-१५ गते र.नं. ४८ बाट दाखिला गरेको धरौटी रकम रु १०,०००।- बाट जरिवाना रकम रु ४,८००।- कट्टा गरी सदरस्याहा गर्नु र पिडित राहत कोषमा रु २००।- दाखिला गर्न लेखा शाखालाई पत्र लेख्नु र फरार प्रतिवादी बृजु महरासँग जरिवाना रकम असुलउपर गर्न जिल्ला प्रहरी कार्यालय,पर्सालाई पत्र लेख्नु ।------------------------------------------------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा दुबै पक्षलाई चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्न सक्ने नै हुँदा सो सम्बन्धमा थप बोलिरहनु परेन। --------------------------------------------------------------------------------------------------------१

३. जिल्ला सरकारी वकिल कार्यालय ,पर्सालाई फैसलाको प्रतिलिपि साथै राखि फैसलाको जानकारी दिनु--------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल माघ महिना २५ गते रोज ५ / ने.सं. ११४४ पोहेलागा १३,बिहिबार शुभम् ............